आज मिति २०८०।०४।३१ गतेका दिन उच्च सरकारी वकील कार्यालय तुलसीपुरका कार्यालय प्रमुख एवं सहन्यायाधिवक्ता श्रीमान मोहन सागर बस्याल ज्यूको अध्यक्षतामा देहायका कर्मचारीहरूको उपस्थितिमा बैठक बसी देहायका प्रस्तावहरूमा छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति :

सहन्यायाधिवक्ता श्री मोहन सागर बस्याल
उप-न्यायाधिवक्ता श्री चन्द्र बहादुर सिंजाली
सहायक न्यायाधिवक्ता श्री खुम बहादुर कुँवर
सहायक न्यायाधिवक्ता श्री रिता कुमारी शर्मा (के.सी.)
नायब सुब्बा श्री भूपेन्द्र जंग शाही
नायब सुब्बा श्री तेज कुमार पाण्डेय
नायब सुब्बा श्री गोविन्द थापा
खरिदार श्री प्रविण प्रसाद, सि.क.अ. डिल्लीगुरुङ
ह.स.चा. श्री परशु नन्दन चौधरी
का.स. श्री महेश्वर चौधरी
का.स. श्री बुद्धिराम चौधरी
का.स. श्री रिता रिजाल
का.स. श्री विपिन वली

छलफलका लागि प्रस्तुत प्रस्तावहरू :

१- वार्षिक कार्ययोजना कार्यान्वयन सम्बन्धमा,
२- कार्यालय समयमा सामाजिक संजाल प्रयोग सम्बन्धमा,
३- परिपत्र सम्बन्धमा,

निर्णय नं. १. प्रस्ताव नं १ को सम्बन्धमा छलफल गर्दा महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको लागि यस कार्यालयको आ.व. २०८०/०८१ को वार्षिक कार्ययोजनामा साउन महिनाभरी सम्पन्न गर्नु पर्ने क्रियाकलापहरू सम्पन्न गरी सकिएको र आगामी महिनाहरूमा गर्नुपर्ने उल्लेखित क्रियाकलापहरू तदारूकताकासाथ सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गरियो ।

निर्णय नं. २. प्रस्ताव नं. २ को सन्दर्भमा छलफल गर्दा यस कार्यालयका कुनै पनि कर्मचारीले कार्यालय समयावधिमा फेसबुक, टिकटक लगायतका सामाजिक सञ्जालहरू प्रयोग गर्ने, विभिन्न व्यक्तिगत सामग्रीहरू अपलोड गर्ने लगायतका कुनै पनि क्रियाकलाप नगर्न भन्ने विभागीय परिपत्र समेतलाई मध्यनजर गरी यस्तो कार्य कर्मचारी आचरण विपरित भएकोले उपरोक्त कार्यहरू नगर्न भनि श्रीमान सहन्यायाधिवक्ताबाट भएको निर्देशनलाई सहर्ष स्वीकार गर्दै कुनै पनि कर्मचारीले उल्लेखित क्रियाकलाप नगर्ने प्रतिबद्धता जनाउने निर्णय गरियो ।

निर्णय नं. ३. प्रस्ताव नं. ३ मा छलफल गर्दा यस आर्थिक वर्ष शुरु भए पश्चात विभिन्न मितिमा महान्यायाधिवक्ताको कार्यालयबाट प्राप्त परिपत्रहरूको सम्बन्धमा कार्यालय प्रमुख श्रीमान सहन्यायाधिवक्ताज्यूबाट जानकारी गराई छलफल समेत भएको र सोको प्रभावकारी कार्यान्वयन सम्बन्धमा सबैले आ-आफ्नो जिम्मेवारी बोध गरी इमान्दारीताका साथ पुरा गर्ने प्रतिबद्धता सहितको निर्णय गरियो ।

२०८०।४।२९